नगरसभा बैठकमा २०८० साल असार १० गते आइतवारका दिन नगर प्रमुख अब्दुल कलामले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

# महाराजगंज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

महाराजगंज,कपिलबस्तु

CamScanner

महाराजगंज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
२०७३

नगर उपप्रमुख ज्यू,
नगर सभा सचिव,
नगरसभा सदस्य ज्युहरु,
कर्मचारीहरु

नेपाल संबिधानमा ब्यवस्था भए बमोजिम स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम नगर सभा बैठकमा नगर प्रमुखको हैसियतले १३ औं नगर सभामा आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दछु।

यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं सघर्षलाई म स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्राद्धाञ्जली ब्यक्त गर्दछु ।यस पालिकामा प्रथम ऐतिहासीक कार्य सम्पादन गरी महत्वपुर्ण योगदान गर्नु हुने नगर उप प्रमुख श्री शुभावती कुर्मीको २०७९ जेठ २६ गते स्वर्गारोहण हुनु भएकोमा उहँको स्मरण र चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संबिधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थ ब्यवस्थाको आधार निर्माण गर्नु जरुरी छ ।चालु आ.ब मा भएको बजेट कटौती तथा घाटा बजेट र न्यून आन्तरिक आयलाई मध्यनजर गरि गरिबीको रेखामुनि रहेका तथा बिभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिगं जाति र समुदाय लगायत सबै नगरवासीहरुको बिकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न कठिनाई भएको महसुस गरेको छु।

अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ दिगो बिकास लक्ष्य, महाराजगंज नगरपालिकाको निति तथा कार्यक्रम, बिनियोजन बिधेयक, २०८० को सिद्धान्त र प्राथमिकता, तथा नगरसभा सदस्यहरु बाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । संघ ,प्रदेश, आम नागरिक, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र लगायत पिछडिएका एवं सिमान्तकृत वर्ग सहित सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु ।

## २.आर्थिक गतिबिधि तथा बजेट कार्यान्वयनको समिक्षा

- यस आर्थिक वर्षमा बिभिन्न २७ वटा योजनाहरुको ठेक्का सम्झौता गरि हाल सम्म १२ वटा योजनाहरुको कार्य सम्पन्न भई १५ वटा संचालन प्रक्रियामा रहेको छ ।
- यस नगरले चालु आर्थिक वर्षमा बिभिन्न योजनाहरुको निर्माण कार्य संचालन गर्नको लागि १३५ वटा उपभोक्ता समितिहरुबाट योजना सम्झौता गरि ६० वटा योजनाको निर्माण कार्य सम्पन्न भएको छ । बाकी रहेको ७० वटा योजनाहरु संचालन प्रक्रियामा रहेकोछ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत यस नगरपालिकामा ९० वटाको निर्माण कार्य सम्पन्न भएको छ ।बाकी ६९ वटाको ७० प्रतिशत निर्माण कार्य समपन्न भएको र १४० वटाको निर्माण कार्य संचालनको प्रथम किस्ता वापतको रकम निकासा दिईएको छ ।

CamScanner

- यस नगरपालिकाको छप्परभुक्त कार्यक्रम मार्फत वडा नं १,२,३ र ९मा ४३ वटा टिनको छाजन भएको घर निर्माण गरिएको छ ।
- यस नगरपालिका वडा नं ३ वडा कार्यालयको नया आधुनिक भवनको निर्माण सम्पन्न भई हस्तान्तरण भएको छ ।
- यस नगरपालिकाको वडा नं ३ को पियुषराज आधारभुत बिद्यालय, वडा नं २ को भद्र माध्यमिक बिद्यालय, नेपाल राष्ट्रिय आधारभुत बिद्यालय गैडहवा तथा वडा नं ११ को झिन्ना माध्यमिक बिद्यालय बनगाईमा १२ कोठे भवनको निर्माण कार्य संचालनमा रहेको छ ।
- नगरलाई शुद्ध खानेपानी युक्त बनाउनको लागि ३१० हेण्डपम्प जडान भएको छ।
- महाराजगंजमा निर्माण भईरहको १५ सैया अस्पतालको ६५% निर्माण कार्य सम्पन्न भएको छ। महाराजगंज प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमाको औषधी काउन्टरको स्थापना तथा औषधी व्यवस्थापन गरि संचालनमा ल्याईएको छ ।
- नगरपालिकाको महाराजगंज प्राथमिक स्वास्थ्य केन्द्र,, शिसवा स्वास्थ्य चौकी ,हर्दौना स्वास्थ्य चौकी, कुशहवा स्वास्थ्य चौकी , भलवारी स्वास्थ्य चौकी र कजरहवा स्वास्थ्य चौकी गरी ६ ठाँउमा प्रसुती सेवा तथा ४ ठाउँमा ल्याब सेवा निरन्तर रुपमा संचालन हुदै आएकोछ ।
- निःशुल्क आँखा शिबिर मार्फत ६०० जना लाई मोतियाबिन्दको आप्रेशन गरिएको छ ।
- नगरले सामाजिक सुरक्षा भत्ता वास्तविक लाभग्राही सम्म पुगोस भन्नका लागि बैंकिङ प्रणालीबाट वितरण गर्दै आएको छ। यस आर्थिक वर्षमा जम्मा २६ करोड ११ लाख ६ हजार ५ सय ८२ रुपैया मात्र सामाजिक सुरक्षा वितरण गरिएको छ ।
- व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन प्रणालीबाट हुदै आएको छ ।यस .आ.ब मा ४४५० वटा घटना दर्ता अनलाईन प्रणालीबाट भएको छ ।
- भारतीय दुतावासको सहयोगमा १६ कोठे भवन शिवभारी मा.वि. मा निर्माण कार्य सम्पन्न भई सोही भवन बाट पठनपाठनको कार्य भईरहेको छ ।
- कृषि उत्पादन बृद्धिका लागि यस नगरपालिकामा ४५ वटा बोरिङ, जडानको सामाग्री वितरण भएको छ ।
- प्याज खेतीको लागि प्रति कठ्ठा ८ हजारको दरले ७० जना कृषकहरुलाई अनुदान उपलब्ध गराई उद्यमी बनाईएको छ।
- यस नगरपालिकाको वडा नं ८ मा १२ वटा नविकरणीय उर्जा प्रविधि जडानको निर्माण कार्य भईरहेको छ ।
- यस नगरपालिकामा ८० वटा कृषि शहकारी संस्था रहेको छ । जस मध्ये मलखाद बिक्री वितरण अनुमति प्राप्त २३ ,उपभोक्ता शहकारी १ , दुग्ध उत्पादन शहकारी १ वटा तथा ५५ वटा कृषि शहकारी संस्था रहेको छ ।
- महाराजगंज नगरपालिका वडा नं १ मा ६ जनालाई रकम रु ५०००० को दरले ब्यवसायिक च्याउ खेती प्रवर्धन कार्यक्रम संचालन गरि उद्यामी बनाईएको छ ।
- ५० % अनुदानमा ३०० जनालाई आलुको बिउ वितरण गरिएको ।
- यस आर्थिक बर्षमा १६० वटा पशु विमा गर्ने कार्य सम्पन्न भएको छ ।
- हालसम्म ४९० जना अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । जस मध्ये २४ जनालाई सेतो छडी समेत वितरण गरिएको छ ।

CamScanner

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत [illegible] जनाले १०० दिनको रोजगारी प्राप्त गरेको तथा अगामी आर्थिक वर्षको लागि ५२७ जना सूचिकृत भएका छन ।
- नयाँ घरको नक्शा पास तथा पुराना घरहरुको नियमन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।हाल सम्म ३४ वटा घर नक्साको अभिलेखिकरण तथा २ वटा नया नक्सा पास गर्ने कार्य सम्पन्न भएको छ ।
- नगरले आन्तरिक शुसासन कायम गराउन तथा सेवा प्रवाहमा कर्मचारीलाई उत्प्रेरित बनाउन बार्षिक रुपमा कर्मचारी सम्मानको कार्य गर्दै आएको छ ।

**३.उद्देश्य र प्राथमिकता**

- अब, म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।स्थिरत, उत्पादनशीलता र रोजगारी बृद्धि:समावेशी बिकास, आत्मनिर्भरता र आर्थिक समृद्धि भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।
- दिगो बिकासको लक्ष्य हासिल गर्ने।
- उपलब्ध स्थानीय प्राकृतिक स्रोत साधन, श्रम शक्ति, पुंजी र प्रबिधिको एकीकृत परिचालनबाट रोजगारी सिर्जना गर्ने,

**४.बजेटको प्राथमिकताहरु निम्नानुसार तय गरेको छु ।**

(क) कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रको रुपान्तरण,

(ख) सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण,

(ग) पुर्वाधार बिकास (छप्परमुक्त)

(घ) पर्यटन क्षेत्रको पुनरुत्थान

(ङ) वातावरण संरक्षण, विपद ब्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्युनिकरण

**५. विषयगत विनियोजन प्रस्ताव**

- चालु तर्फ कार्यालय संचालन तथा तलब भत्ताको लागि रकम रु १० करोड विनियोजन गरेको छु।
- चालु आर्थिक वर्षको बिभिन्न योजनाहरुको भुक्तानी गर्न बाकी दायित्वको लागि १५ करोड विनियोजन गरेको छु।
- संघीय समपुरक योजना संचालनको लागि २ करोड७०लाख विनियोजन गरेकोछु।
- प्रदेश समपुरक प्रदेश योजना संचालनको लागि १करोड ५०लाख ।
- विभिन्न योजना, आयोजना र संघसंस्थाहरुको लागि पुरक कोष १० लाख विनियोजन गरेको छु ।
- सडक बोर्डको योजनामा लागत सहभागिताको लागि ५० लाख बिनियोजन गरेको छु ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत बिषयगत शाखाको लागि १ करोड ८३लाख ८१ हजार विनियोजन गरेको छु ।
- गर्भावती महिलाहरुको लागि नि;शुल्क एम्बुलेन्स सेवा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।दिर्घ रोगीहरुलाई निःशुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिईनेछ। सोको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक सुनुवाई चौमासिक रुपमा गरिनेछ।

CamScanner

- यस नगरपालिकामा महिलामैत्री कक्ष स्थापना र व्यवस्थापन गरिनेछ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- वडा स्तरिय योजानहरु संचालनको लागि ५ करोड ५० लाख विनियोजन गरेको छु ।
- महाराजगंज नगरपालिका समेत समावेश हुने कपिलवस्तु साझेदारी वन र विशाल साझेदारी वनवाट नगरवासी लाभग्राहीहरुको हितका उपभोक्ता समुह र सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरि स्थानीय वन विकास र बहुउपयोगमा जोड दिईनेछ ।

६. संघिय हस्तान्तरीत कार्यकम:

- शिक्षा, स्वास्थ्य, कृषि, पशु, बहुक्षेत्रिय पोषण, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम विकास, लैगिंक समानता तथा सामाजिक समावेशीकरण गरि संघिय सरकारवाट संघीय बजेट ३० करोड ६२ लाख प्राप्त भएको छ । विशेष अनुदान तर्फ श्री फलहारी बाबा बहुमुखी क्याम्पसको ४ कोठे भवन निर्माणको लागि ६५ लाख रकम प्राप्त भएको छ ।यि भवनमा थप श्रोत पालिकावाट लगाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता बितरणको लागि २५ करोड प्राप्त भएको छ ।

७.गैर सरकारी संस्था:

आई.एन.एफ नेपाल, माहुरीहोम, कालिका स्वालम्बन, सुहारा दोश्रो, युनिसेफ नेपाल, फेयरमेड र दलित मानव अधिकार निगरानी समिति लागयतका गैर सरकारी संस्थाहरु पालिकककाे सामाजिक र आर्थिक विकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएका छन ।यि संस्थाहरुसंग थप क्षेत्रहरु पहिचान गरि समन्वय र सहकार्य गर्दै चौतर्फी विकासमा जोड दिईनेछ ।

८.वित्तिय संस्था सहकारी र लघु वित्त:

वित्तिय संस्था सहकारी र लघु वित्तहरु मार्फत साना लघुउद्यम विकास र कृषकहरुको आर्थिक वृद्धिका लागि आवश्यक वातावरण तयार गरिनेछ ।

९.कर्मचारी प्रशासन:

- संघीय सरकार र लोक सेवा आयोगको वार्षीक प्रतिवेदनमा भएको नीतिगत मार्गदर्शनको अनुशरण एवं सुशासन तथा संस्थागत विकास गर्दै कार्यसम्पादनमा आधारीत सुचक प्रोत्सान भत्ता व्यवस्था गरीने छ ।
- कार्य सम्पादन र अनुशासनको मुल्यांकन गरी कर्मचारी पुरस्कृतको गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- स्व:मूल्यांकन कार्यविधि, स्थानीय तह वित्तिय जोखिम मुल्यांकन कार्यविधी, स्थानीय आर्थिक विकास मुल्यांकन कार्यबिधी अनुसार कार्यान्वयन सुचक सम्पादनलाई आधार मानी कार्य सम्पादन कार्यविधि बनाई कार्यान्वयनमा ल्याईने छ ।
- प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाहरुसंग र वडा सचिवहरुसंग कार्य सम्पादन संम्झौता गरीने छ ।

CamScanner

**१०.स्थानिय राजश्व र कर प्रशासन:**

- राजश्व सुधार कार्य योजना २०८० पारीत भई यसै आ.व. बाट कार्यान्वयनमा ल्याईने छ । यसले राजश्व प्रशासनमा प्रभावकारी भई आन्तरीक राजश्व वृद्धी हुने अपेक्षा लिईएको छु ।
- विज्ञापन करको शुरुवाती अभ्यास गरीने छ। घर वहालकर र घर नक्सापासलाई प्रभावकारी बनाईने छ ।

**११.समष्टिगत बजेट:**

- शर्शत, निशर्त, समपुरक, विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता लगायत समष्टिगत पालिकाको आगामी आ.व.को कुल बजेट आकार ९२करोड ७५ लाख ८१ हजार रहेको छ ।

**१२बजेट कार्यान्वयन र अपेक्षित उपलब्धी:**

- आर्थिक वर्ष २०८०/८१ को अनुमानित आयव्ययको विवरण अनुसूचिमा उल्लेख गरेकोछु।
- मैले प्रस्तुत गरेको आ.व. २०८०/८१ को वजेटको कार्यान्वयनबाट अपेक्षित उद्धेश्य हासिल हुने, आर्थिक, सामजिक र पुर्वाधार क्षेत्रमा सुधार भई सामाजिक न्यायपुर्ण समाज निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु ।
- राष्टिय आवधिक योजना र प्रादेशिक योजनाका उद्धेश्य हासिल गर्न सघाउ पुगी दिगो विकासका एजेण्डाहरुको कार्यान्वयनमा योगदान पुग्ने अपेक्षा लिएको छु ।
- नतिजामूलक अनुगमन तथा मूल्याँकन पद्धतीमा जोड दिईनेछ ।योजना, कार्यक्रम तथा आयोजनाहरुको अनिवार्य अनुगमन मूल्याकन गरीने छ ।
- योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुको नतिजामूलक अनुगमन, मूल्याकंन गर्नका लागी सोंच तालिका ( logical Framework ), नतिजा तालिका ( Result Matrix ), सूचनाका स्रोतहरु, व्यवस्थापन सूचना प्रणाली MIS, र अनुगमन, मूल्याकंन योजनालाई आधारका रुपमा लिई कार्यान्वयन कार्यतालिका, खरीद योजना र आन्तरीक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईने छ।
- कर्मचारी वैठक, प्रधानाध्यापक वैठक, स्वास्थ्य चौकी ईन्चार्ज र सुरक्षाकर्मी समन्वय वैठकलाई व्यवस्थित गर्दै कार्यपालिका र शाखा प्रमुखहरुको चौमासिक प्रगति समिक्षा गरीईनेछ ।

| समय तालिका | छलफलका विषय |
|---|---|
| मंसिरको अन्तिम हप्ता | पहिलो चौमासिक अवधिको प्रगति स्थिति |
| चैत्रको अन्तिम हप्ता | दोस्रो चौमासिक अवधिको प्रगति स्थिति |
| जेठको अन्तिम हप्ता | कार्य प्रगति स्थिति |
| साउनको अन्तिम हप्ता | तेस्रो चौमासिक अवधिको प्रगति स्थिति |

- तोकीएको समय सिमा, मूल्य, परिमाण र गुणस्तरमा पुर्वाधार निर्माण लगायतका कार्यक्रमहरु सम्पन्न गरि स्थानीय आर्थिक आधारशीला निर्माण हुने अपेक्षा राखेको छु ।

| राजश्व शिर्षक | | आ.व. २०८०/८१ को अनुमान (अक्षरमा) | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| आन्तरिक राजश्वः | | | |
| १ | सम्पत्तीकर | | 0 |
| २ | घर बहाल कर | दश लाख | १०००००० |
| ३ | घरजग्गारजिष्ट्रेसन शुल्क | चालिस लाख | ४०००००० |
| ४ | सवारी साधनकर | पाँच हजार | ५००० |
| ५ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा घर नक्सा पाससमेत) | दश लाख | १०००००० |
| ६ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा | अठ्ठारा लाख | १८००००० |
| ८ | घर जग्गाकर | पाँच लाख | ५००००० |
| ९ | विज्ञापनकर | पच्चिस हजार | २५००० |
| १० | व्यवसाय कर | चालिस लाख | ४०००००० |
| ११ | भूमिकर (मालपोत) | पैतिस लाख | ३५००००० |
| १२ | दण्डजरिवाना | बिस लाख | २०००००० |
| १३ | मनोरञ्जनकर | पंचानब्बे हजार | ९५००० |
| १४ | बहालविटौरी घर जग्गा कर | पच्चिस हजार | २५००० |
| १५ | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग,प्वाँख, छालामा कर | पचास हजार | ५०००० |
| १६ | प्राकृतिकस्रोत साधन व्यवसायिक कर | एक करोड | १००००००० |
| जम्मा | | दुई करोड अस्सी लाख | २८०००००० |
| अन्य आयः | | | |
| १ | बेरुजुअसुली | पाँच लाख | ५००००० |
| जम्मा | | | ५००००० |
| १ | गत वर्षकोबैङ्क मौज्दात | पच्चिस लाख | २५००००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | | | |
| सङ्घीय सरकारबाट प्राप्त अनुदानः | | | |
| १ | वित्तीय समानीकरण | चौध करोड एकचालिस लाख | १४४१००००० |
| २ | राजस्व बाँडफाँड | बारह करोड छैसठ्ठी लाख बैसठ्ठी हजार | १२६६६२००० |
| ३ | सशर्त अनुदान पुजिगत | उनतिस करोड सैचालिस लाख | २९४७००००० |
| ४ | सशर्त अनुदान चालु | एक करोड पन्ध्र लाख | ११५००००० |

| | | | |
|---|---|---|---|
| ५ | समपुरक अनुदान | दुई करोड बिस लाख | २२०००००० |
| ६ | सामाजिक सुरक्षा भत्ता | पच्चिस करोड | २५००००००० |
| ७ | विशेष अनुदान | पैसठ्ठी लाख | ६५००००० |
| | जम्मा | पचासी करोड चौवन्न लाख बैसठ्ठी हजार | ८५५४६२००० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| १ | वित्तीय समानीकरण | एक करोड छ लाख एकासी हजार | १०६८१००० |
| २ | राजस्व वाँडफाँड | बैसठ्ठि लाख अठासी हजार | ६२८८००० |
| ३ | सशर्त अनुदान (चालु) | एघारा पचास हजार | ११५०००० |
| ४ | समपुरक अनुदान | एक करोड पचास लाख | १५०००००० |
| ५ | सशर्त अनुदान (पुजिगत) | अस्सी लाख | ८०००००० |
| | जम्मा | चार करोड एघारा लाख उन्नाईस हजार | ४१११९००० |
| | कुल जम्मा( बयानब्बे करोड पचहत्तर लाख एकासी हजार) | | ९२७५८१००० |

ख ) व्यय तर्फ

| | | | |
|---|---|---|---|
| १ | नगर पालिका तलब भत्ता/चालु | दश करोड | १०००००००० |
| २ | चालुआर्थिक दायित्व | पन्ध्र करोड | १५००००००० |
| ३ | समपुरक संघतर्फ | दुई करोड सत्तरी लाख | २७०००००० |
| ४ | प्रदेशसमपुरक तर्फ शहरी सडक समेत | एक करोड पचास लाख | १५०००००० |
| ५ | सडक बोर्ड | पचास लाख | ५०००००० |
| ६ | विषयगत शाखा तर्फ | एक करोड त्रियासी लाख एकासी हजार | १८३८१००० |
| ७ | वडागत कार्यक्रम | पाँच करोड पचास लाख | ५५०००००० |
| ८ | बहुक्षेत्रिय पोषण कार्यक्रम लगायत अन्य कार्यक्रममा समपुरक | दश लाख | १०००००० |
| ९ | सशर्त अनुदान | तिस करोड बैसठ्ठी लाख | ३०६२००००० |
| १० | सामाजिक सुरक्षा भत्ता | पच्चिस करोड | २५००००००० |
| | जम्मा( बयानब्बे करोड पचहत्तर लाख एकासी हजार) | | ९२७५८१००० |

अन्तमा,

प्रस्तुत वजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागी संघिय र प्रादेशिक सरकारका माननीय ज्युहरु प्रतिहार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

वजेट तर्जुमामा समन्वय सहयोग र सुझावका लागी नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरसभाका सम्पुर्ण सदस्यहरु, स्थानीय राजनीतिक दलहरु एवं कर्मचारीहरुमा धन्यवाद गर्दछु ।

जय जनता, जय महाराजगंज ।

धन्यवाद ।

CamScanner